मानवअधिकारपत्र
Human Rights Post
NHRC Monthly Newsletter Vol. 5 Issue 10, Jan - Feb. 2013
सबैका लागि मर्यादा, समानता र न्याय
वर्ष ५, अङ्क १० राष्ट्रिय मानवअधिकार आयोगको समाचार बुलेटिन २०६९ माघ

## दैलेख घटनाबारे अनगुमन प्रतिवेदन

# राजनीतिक दलहरू संयमित हुनुपर्नेमा जोड






सत्तासीन एनेकपा माओवादी र प्रतिपक्षी दलका कार्यकर्ताहरूबीच २०६९ साल माघ १० गते दैलेख सदरमुकाममा भएको झडपको घटनाबारे राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छ ।

सदरमुकाम दैलेख बजारमा माघ १० गते एनेकपा माओवादी दैलेखको जिल्ला सम्मेलन उद्घाटन गर्न त्यहाँ पुग्नुभएका प्रधानमन्त्री बाबुराम भट्टराईको विरोधस्वरुप प्रतिपक्षी दलले विरोध प्रदर्शन गरेको, त्यही दिन नेपाल पत्रकार महासंघ दैलेख पनि पत्रकार डेकेन्द्र थापा हत्यासम्बन्धी मुद्दालाई लिएर सरकारको विरोधमा उत्रिएको र यस क्रममा सत्ता पक्ष र प्रतिपक्षका कार्यकर्ताहरूबीच झडप भएको प्रतिवेदनमा उल्लिखित छ ।

प्रतिवेदनका अनुसार एनेकपा माओवादी दैलेखका कार्यकताहरू जिल्ला सम्मेलन सफल गराउन र प्रतिपक्षी छ राजनीतिक दल प्रधानमन्त्रीको प्रमुख आतिथ्यमा हुन लागेको उक्त कार्यक्रम असफल पार्न उद्धत रहँदा झडपको वातावरण बनेकोले र झडप नियन्त्रण गर्न प्रहरीले अश्रुग्याँस प्रहार गर्नुका साथै हवाइ फाइरिङ गरेको थियो ।

झडपका क्रममा एनेकपा माओवादीका खगेन्द्रबहादुर हमालसहित ३० जना कार्यकता र प्रतिपक्षी नेकपा एमालेका जिल्ला अध्यक्ष अम्मरबहादुर थापा समेत १६ जना कार्यकर्ता घाइते भएका, एनेकपा माओवादीको पाटी कार्यालय तोडफोड र आगजनी भएको प्रतिवेदनमा उल्लिखित छ ।

त्यस क्रममा 'तेस्रो आँखा' दैनिकको कार्यालयको शिशा फुटेको, कोष तथा लेखा नियन्त्रणको कार्यालयमा सामान्य क्षति भएको, एनेकपा माओवादीको जिल्ला अधिवेशनमा अवरोध तुल्याउन

...बाँकी पृष्ठ ३ मा

## सचिव खनालको विदाइ

राष्ट्रिय मानव अधिकार आयोगका सचिव विशाल खनाल आफ्नो पाँच वर्षे कार्यकाल पूरा गरी माघ २६ गते अवकाश लिनुभएको छ ।

आयोगको सभाकक्षमा विदाइ समारोहमा बोल्दै सचिव खनालले थुप्रै कठिनाइका बीचमा आफूले पदभार ग्रहण गरेको चर्चा गर्दै आफूलाई सहकर्मीहरूबाट उल्लेखनीय रूपमा सहयोग मिलेको बताउनुभयो ।

त्यस अवसरमा आयोगका निर्देशक वेदप्रसाद भट्टराईले सचिव विशाल खनालको नेतृत्वमा मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा आयोगले महत्वपूर्ण काम गरेको बताउनुभयो ।

निर्देशक भट्टराईले सचिव खनाललाई विदाइ गर्नुपर्दा आफूहरूलाई दुःख लागेको बताउँदै उहाँको सफल भविष्यको कामना गर्नुभयो ।

...बाँकी पृष्ठ २ मा

## यसभित्र

१. 'युनिभर्सिटी अफ सिड्नी' का प्राध्यापक तथा विद्यार्थीहरू आयोगमा २
२. दैलेख घटना दुःखद ३
३. सञ्चारकर्मीहरूलाई मानव अधिकारसम्बन्धी तालिम दिइनुपर्ने ४
४. 'सत्य निरूपण तथा मेलमिलाप आयोग' फौजदारी कानुनको परिपूरकमात्र : आयोग ४
४. संक्षिप्त समाचार ५
५. आयोगका गतिविधिलाई चुस्त-दुरुस्त बनाउन जोड ६
६. मनोसामाजिक र मनोवैज्ञानिक ढङ्गमा कार्यविधि कार्यान्वयन हुनुपर्ने ७
७. पत्रकार र मानव अधिकारकर्मीहरूको सुरक्षाबारे प्रधानमन्त्रीलाई पत्राचार ८

सचिव... पृष्ठ १ को बाँकी



आयोगका अर्का निर्देशक सुवर्ण कर्माचार्यले आफूले सचिव विशाल खनालबाट सिकेका थुप्रै गुणमध्ये सहनशीलता पनि एक हो भन्दै उहाँको मिलनसार व्यवहारबाट आफू निकै अनुप्राणित भएको बताउनुभयो ।

विदाइ समारोहमा आयोगका कर्मचारीहरू कैलाशकुमार शिवाकोटी, श्यामबाबु काफ्ले, सम्झना शर्मा, लोकनाथ बास्तोला, बद्री सुवेदी, जयेश्वर चापागाई र प्रद्युम्न कट्टेलले सचिव खनालले आयोगलाई दिनुभएको योगदानको प्रशंसा गर्दै उहाँको भावी जीवनको सफलताको कामना गर्नुभएको थियो ।

विशाल खनाल २०६४ साल माघ २७ गते आयोगको सचिव पदमा नियुक्त हुनुभएको थियो ।

उहाँको अवकाशपछि आयोगका निर्देशक वेदप्रसाद भट्टराईले निमित्त सचिवको जिम्मेवारी सम्हाल्नुभएको छ ।

# 'युनिभर्सिटी अफ सिड्नी' का प्राध्यापक तथा विद्यार्थीहरू आयोगमा

अष्ट्रेलियाको 'युनिभर्सिटी अफ सिड्नी' मा कानुन पढाउने प्राध्यापक तथा त्यहाँ अध्ययनरत विद्यार्थीहरूले राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय भ्रमण गरेर आयोगले हालसम्म सम्पादन गरेको काम र नेपालको मानव अधिकारको समग्र अवस्थाबारे जानकारी लिएको छ ।

आयोगका सचिव विशाल खनालले सहभागीहरूलाई स्वागत गर्दै आयोग क्षेत्राधिकार, अन्तर्राष्ट्रिय हैसियत र यसले हालसम्म सम्पादन गरेको कामबारे प्रस्तुतीकरण गर्नुभयो ।

कार्यक्रमका सहभागीहरूले आयोगले मानव अधिकार संरक्षण र सम्वर्द्धनमा हाँसिल गरेको उपलब्धी, आयोगद्वारा सरकारलाई गरिएको सिफारिश कार्यान्वयनको अवस्था, यातनासम्बन्धी उजुरी, विधिको शासन, दण्डहीनतालगायतका विषयमा जिज्ञासा राख्नुभयो ।

सहभागीहरूको जिज्ञासाको उत्तर दिँदै सचिव खनालले द्वन्द्वकालीन समयमा आयोग परेका तर अनुसन्धान हुन बाँकी रहेका उजुरीहरूमाथिको अनुसन्धान कार्य तीव्र रूपमा भइरहेको जानकारी दिनुभयो । उहाँले आयोगका परेकामध्ये लगभग ५० प्रतिशत उजुरीमाथि अनुसन्धान भइसकेको जानकारी दिनुभयो ।

उहाँले आयोगले सरकारलाई गरेका सिफारिश आंशिक रूपमा कार्यान्वयन भएको जानकारी दिँदै त्यसको पूर्ण कार्यान्वयनका लागि सरकारलाई बारम्बार झक्झक्याइरहेको र यो क्रम जारी नै रहेको जानकारी दिनुभयो ।

सो अवसरमा बोल्दै भ्रमण टोलीमै सहभागी हुनुभएका 'काठमाण्डू स्कूल अफ ल' का युवराज संग्रौलाले थुप्रै बाधा-अवरोधका बीच पनि राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा महत्वपूर्ण भूमिका खेलिरहेको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा बोल्दै प्राध्यापक डेभिड किन्लेले आयोगको भ्रमण गरेपछि नेपालको मानव अधिकारको अवस्थाबारे महत्वपूर्ण




जानकारी पाएकोमा सन्तोष व्यक्त गर्दै आयोगलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

सो अवसरमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका परामर्शदाता जोन पाचे तथा आयोगका उच्च पदस्थ अधिकृतहरू पनि उपस्थित हुनुहुन्थ्यो ।

## राष्ट्रिय मानवअधिकार आयोग

### केन्द्रीय कार्यालय, ललितपुर

**आयोगका पदाधिकारीहरू**

अध्यक्ष : केदारनाथ उपाध्याय
सदस्य : रामनगिना सिंह
सदस्य : गौरी प्रधान
सदस्य : डा. लीला पाठक
सदस्य : डा. के.बी. रोकाया

*राजनीतिक दलहरू... पृष्ठ १ को बाँकी*

प्रतिपक्षी दलका कार्यकर्ताहरूले ठाउँ ठाउँमा रुख ढालेर सडक अवरुद्ध गरेका कुरा पनि प्रतिवेदनमा उल्लिखित छ ।

अधिकारवादी संस्थाहरूको समन्वयपछि घटनाबारे राजनीतिक दलहरूले आत्मसमीक्षा गर्दै आउँदा दिनमा आपसमा सुमधुर सम्बन्ध स्थापना गर्ने र विस्थापित पत्रकारहरूलाई जिल्लामा फर्काउन पहल गर्ने विषयमा माघ १३ गते लिखित सहमति भएको पनि प्रतिवेदनमा जनाइएको छ ।

सुझावको रूपमा अनुगमन प्रतिवेदनमा भनिएको छ, 'चित्त नबुझेका कुरामा विरोध गर्न पाइने नैसर्गिक अधिकारको उपयोग गर्दा लोकतान्त्रिक मूल्य र मान्यतअनुरूप राजनीतिक दलहरूले शान्तिपूर्ण र संयमित कार्यशैली अपनाउनुपर्ने देखिन्छ ।'

यसैगरी, एनेकपा माओवादीका कार्यकर्ताबाट धम्की आएको भन्दै माघ ११ दैलेख छोडेका पत्रकारहरू राष्ट्रिय मानव अधिकार आयोगको समन्वयमा पुन: जिल्ला फर्केर काम शुरु गर्नुभएको छ ।

## विस्थापित २२ पत्रकार जिल्ला फर्किए



**कमल शर्मा/राजधानी**
दैलेख, १६ माघ

एकीकृत नेकपा माओवादी कार्यकर्ताको धम्कीपछि विस्थापित भएका दैलेखका २२ पत्रकार जिल्ला फर्किएका छन् ।

धम्कीपछि विस्थापित भई सुर्खेत पुगेका पत्रकारहरू दैलेख आएपछि ६ दिनदेखि बन्द भएका रेडियो र पत्रपत्रिकाहरू मंगलबारबाट सुचारु भएका छन् । विस्थापित पत्रकारहरूलाई दैलेखका राजनीति दल नागरिक समाज र जिल्लावासीहरूले स्वागत गरेका छन् ।

जिल्लाबाट विस्थापित भएर सुर्खेत पुगेका दैलेखका पत्रकारलाई दुई दिनसम्म बस्दासमेत कसैले पनि ख्याल नगरेपछि क्षेत्रीय प्रशासन कार्यालय सुर्खेतमा अनिश्चितकालीन धर्ना बसेका थिए । सुरक्षाको प्रत्याभूति गर्न ३ बुँदे लिखित प्रतिबद्धतासँगै गृह मन्त्रालय र एमाओवादीले समेत विज्ञप्ति प्रकाशित गरी पत्रकारको सुरक्षामा कुनै कसर बाँकी नराख्ने भनेपछि विस्थापित पत्रकार आफ्नो कार्यक्षेत्रमा फर्केका हुन् ।

क्षेत्रीय प्रशासन कार्यालय सुर्खेतका प्रशासक शारदाप्रसाद त्रिताल, डीआईजी टपेन्द्रध्वज हमाल, मानवअधिकारवादीसहितको संयुक्त टोलीले दैलेखबाट विस्थापित भएका २२ जना पत्रकारलाई दैलेख ल्याएको थियो । आफूहरूमाथि अन्याय भएको र तत्कालीन द्वन्द्वमा मारिएका पत्रकार अभिव्यक्तिको स्वतन्त्रतामाथि ठोक्किनु भनेको पहरोसँग ठोक्किनु बराबर भएको भन्दै जोकोहीलाई पनि यसको विरुद्धमा नलाग्न आग्रह गरेका छन् ।

गाउँलेले सञ्चार लोकतन्त्रको प्राणवायु भएकाले यसको घाँटी निमोठ्न खोज्ने जोकोही तानाशाही धेरै टिक्न नसक्ने चेतावनी दिए । दैलेखको घटनालाई जोड्दै गाउँलेले अब नागरिकहरूसमेत आलोचनात्मक अभिव्यक्ति राख्न सक्ने क्षमतावान भइसकेकाले अब कुनै पनि निरंकुशता हावी हुन नसक्ने बताए ।

जिल्लामा पत्रकारहरूको सुरक्षा र सामाजिक सद्भावका लागि मंगलबार जिल्लामा सर्वपक्षीय भेला गरी लिखित प्रतिबद्धतासमेत व्यक्त गरिएको छ । पत्रकारहरूलाई जिल्ला फर्काउन पत्रकार महासंघ अध्यक्ष गाउँले, केन्द्रीय सदस्यहरू बालकृष्ण बस्नेत, दीपक पाण्डे, प्रभात चलाउने, सूर्यमणि गौतम, प्रेस चौतारी नेपाल अध्यक्ष गगन विष्ट, क्षेत्रीय प्रशासक शारदाप्रसाद त्रिताल, राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय अधिकृत हरि ज्ञवाली, क्षेत्रीय प्रहरी प्रमुख (डीआईजी) टपेन्द्रध्वज हमालसहितको सर्वपक्षीय छलफलमा दैलेखका राजनीतिक दल नागरिक अगुवा, महिला अधिकारकर्मीहरूको सहभागिता थियो ।

कार्यक्रममा क्षेत्रीय प्रशासक त्रितालले प्रशासकहरूले दिएको लिखित प्रतिबद्धता भनेको निकै महत्त्वपूर्ण हुने भएकाले आफूहरूले लिखित रूपमा

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रिय कार्यालय, Central Office**

**हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal**

प.सं.
च. नं.

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ माघ ११ गते

## दैलेख घटना दु:खद

पत्रकार डेकेन्द्र थापाको हत्याका अभियुक्तहरूलाई प्रचलित फौजदारी कानुनअनुसार कारवाही चलाउने वा नचलाउने भन्ने सवाललाई लिएर सत्तापक्ष र प्रतिपक्षबीच उत्पन्न द्वन्द्वको रूप लिनु दु:खद हो ।

प्रारम्भिक जानकारीअनुसार स्थानीयस्तरको परिस्थितिलाई नजरअन्दाज गरी मुठभेडको परिस्थिति निम्त्याउनमा सत्तापक्षीको अभिव्यक्ति र एनेकपा माओवादीको जिल्ला अधिवेशनमा नेताहरूलाई जिल्ला प्रवेश निषेध गर्ने प्रतिपक्षको कार्यशैली जिम्मेवार देखिएको छ ।

शान्तिपूर्ण रूपमा प्रदर्शनमा उत्रेका आन्दोलनकारी र सर्वसाधारण नागरिकमाथि भएको प्रहरी हस्तक्षेप र त्यसबाट उत्पन्न उत्तेजनापूर्ण परिस्थितिले एनेकपा माओवादीको कार्यलयमा तोडफोड हुनु खेदजनक छ ।

पत्रकार डेकेन्द्र थापाको हत्याका सन्दर्भमा दोषीलाई कारबाही हुनुपर्ने माग राखी आन्दोलनमा उत्रेका पत्रकार र स्थानीय सञ्चारगृहमाथि भएको दुर्व्यवहार र तोडफोड दु:खद छ ।

दैलेखको सदरमुकाममा भएको पछिल्लो घटनाबारे थप वास्तविकता बुझ्न आयोगको अनुगमन टोली त्यसतर्फ प्रस्थान भइसकेको छ ।

दैलेखमा हिजो भएको घट्नामा घाइतेहरूको यथोचित उपचारको व्यवस्था मिलाउन, जनधनको रक्षा गर्न, पत्रकार र मानव अधिकारकर्मीहरूले निर्भयपूर्वक काम गर्न पाउने वातावरण तयार पार्न, डेकेन्द्र थापाको हत्याको सन्दर्भमा भएका अनुसन्धान र अदालती प्रक्रिया विधिसम्मत ढंगबाट पूरा गर्न-गराउन तथा विद्यमान राजीतिक द्वन्द्वलाई संवाद र छलफलको माध्यमबाट तार्किक निष्कर्षमा पुऱ्याउन आयोग सबैसँग हार्दिक अनुरोध गर्दछ ।

आयोगको उपस्थितिका लागि अनुरोध भएबमोजिम आयोगको टोली २०६९ साल माघ १५ गते सुर्खेतमा गई आश्रय लिइरहनुभएका दैलेखका पत्रकार पुन:स्थापना कार्य सम्पन्न गरिएको थियो ।



पत्रकारहरूलाई पुन:स्थापना गर्नका लागि क्षेत्रीय प्रशासन कार्यालय (सुर्खेत) का क्षेत्रीय प्रशासक शारदाप्रसाद त्रिताल, मध्यपश्चिम प्रहरी कार्यालयका प्रमुख टपेन्द्रध्वज हमालसहितको सुरक्षा संयन्त्र एवम् नेपाल पत्रकार महासंघको केन्द्रीय टोली दैलेखका पत्रकारहरूका साथमा त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।

दैलेख पुगेपछि विस्थापित पत्रकारहरुलाई एनेकपा माओवादीलगायत राजनीतिक दलका स्थानीय प्रमुखहरुले फूलमाला र अबिर लगाई जिल्लामा स्वागत गर्नुभएको थियो ।

त्यस अवसरमा एनेकपा माओवादी पार्टीका दैलेख जिल्ला संयोजक कर्ण बस्नेतले आफ्नो पार्टीबाट प्रेस जगतलाई कुनै पनि किसिमको डर र धम्की नहुने बचन दिनुभयो ।



अनुगमनको सिलसिलामा टोलीले राजनीतिक दलका प्रमुख, क्षेत्रीय प्रशासक, स्थानीय प्रहरी प्रशासन, विस्थापित पत्रकार, मानव अधिकारकर्मी, स्थानीय बुद्धिजीवी, कानुन व्यवसायी, घाइते आदिसँग भेटघाट एवम् परामर्श गरेको थियो । आयोगका अधिकृतद्वय हरि ज्ञवाली र रमेश थापाले दैलेख घटनाको अनुगमन गर्नुभएको थियो ।

# सञ्चारकर्मीहरूलाई मानव अधिकारसम्बन्धी तालिम दिइनुपर्ने






मानव अधिकारको संरक्षण तथा संवर्द्धनका लागि मानव अधिकार र आमसञ्चारको अन्तरसम्बन्धबारे अभिमुखीकरण तथा तालिम कार्यक्रमलाई निरन्तरता दिनुपर्ने सुझाव स्याङ्जाका सञ्चारकर्मीहरूले दिनुभएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा) तथा नेपाल पत्रकार महासंघ (स्याङ्गजा) द्वारा संयुक्त रूपमा स्याङ्जामा आयोजित 'मानव अधिकार र सञ्चार' विषयक तालिममा उहाँहरूले उक्त सुझाव दिनुभएको हो ।

उहाँहरूले जनस्तरमा सूचना प्रवाह गर्ने कार्यमा आमसञ्चार माध्यमले महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने चर्चा गर्दै मानव अधिकारसम्बन्धी सूचना प्रवाह गर्नका लागि सञ्चारकर्मीहरूलाई थप तालिम आवश्यक भएको बताउनुभयो ।

तालिममा मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८; राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार; पत्रकार आचार संहिता; मानव अधिकार र सञ्चारको सम्बन्ध; सूचनाको हक; अभिव्यक्ति स्वतन्त्रता; मानव अधिकार प्रवर्द्धन र संवर्द्धनका लागि आमसञ्चार; मानव अधिकार र अपराधबीचको भिन्नतालगयातका विषयमा प्रस्तुतीकरण गरिएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा) का निमित्त निर्देशक यज्ञप्रसाद अधिकारी, नेपाल पत्रकार महासंघ नेपालका पूर्वअध्यक्ष धर्मेन्द्र झा र 'गोल्डेन न्यूज' दैनिक (पोखरा) का कार्यकारी निर्देशक गंगाधर पराजुलीले प्रशिक्षण दिनुभएको थियो ।

तालिमको उद्घटान सत्रमा स्याङ्जाका सहायक प्रमुख जिल्ला अधिकारी, शिशिर पौडेल, प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौर, जिल्ला जनस्वास्थ्य कार्यालयका वरिष्ठ जनस्वास्थ्य अधिकृत नगेन्द्र चौधरीलगायतका वक्तहरूले तालिमले मानव अधिकारको श्रीवृद्धिमा खेल्नसक्ने भूमिकाबारे प्रकाश पार्नुभएको थियो । तालिममा स्याङ्जाका जिल्लामा कार्यरत ३५ जना सञ्चारकर्मी सहभागी हुनुहुन्थ्यो ।

## 'सत्यनिरूपण तथा मेलमिलाप आयोग'

# फौजदारी कानुनको परिपूरकमात्र : *आयोग*

प्रहरी महानिरीक्षक कुबेरसिंह रानाले द्वन्द्वकालीन समयका मुद्दा अघि नबढाउनू भनेर आफू मातहतका अधिकृतहरूलाई निर्देशन दिनुभएको भन्नेबारे प्रकाशित समाचारको विषयलाई लिएर राष्ट्रिय मानव अधिकार आयोगले उहाँसँग जानकारी लिएको छ ।

सो अवसरमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले 'सत्य निरूपण तथा मेलमिलाप आयोग' मानव अधिकारविरुद्धको अपराधको कानुनी कारबाहीको विकल्प हुन सक्दैन भन्नुभयो ।

अध्यक्ष उपाध्यायले 'सत्यनिरूपण तथा मेलमिलाप आयोग' फौजदारी न्यायको परिपूरकमात्र हो भन्दै बन्दै नबनेको 'सत्यनिरूपण तथा मेलमिलाप अयोग' लाई अघि सारेर अपराधिक प्रकृतिका मुद्दाको कारबाही प्रक्रिया कुनै पनि तहबाट अवरुद्ध गर्न नमिल्नेमा जोड दिनुभयो ।

त्यस अवसरमा आयोगका सदस्य रामनगिना सिंहले तराइका कतिपय घटनामा नक्कली भीडन्त खडा गरेर अभियुक्तलाई मार्ने गरिएको जानकारी आफूहरूले पाएको बताउँदै अभियुक्तको बाँच्ने अधिकारको सम्मान गर्न पनि आग्रह गर्नुभयो ।

आयोगका सदस्य गौरी प्रधानले नेपालले दण्डविहीनताको इतिहास मेट्न आवश्यक छ भन्दै 'सत्यनिरूपण तथा मेलमिलाप अयोग' को नाममा विद्यमान फौजदारी न्यायप्रणालीलाई मिच्न नमिल्ने धारणा अघि सार्नुभयो ।

उहाँले मुद्दा फिर्ता लिन 'सत्यनिरूपण तथा मेलमिलाप आयोग' नचाहिने र मुद्दाउपर कारबाही अघि बढाउनचाहिँ त्यही आयोग चाहिने भन्ने सरकारको विरोधाभाषपूर्ण कार्यशैली आश्चर्यलाग्दो भएको टिप्पणी गर्नुभयो ।

सो अवसरमा बोल्दै प्रहरी महानिरीक्षक कुबेरसिंह रानाले आफू कानुन कार्यान्वयन गर्ने जिम्मेवार पदमा रहेकोले द्वन्द्वकालीन समयका मुद्दा अघि नबढाउनू भनेर निर्देशन दिने दुस्साहस कहिल्यै नगरेको बताउनुभयो ।

उहाँले प्रहरी संगठन मानव अधिकार र विधिको शासनप्रति पूर्ण बफादार रहेको विचार अघि सार्नुभयो ।

उक्त अवसरमा अपराध अनुसन्धान प्रक्रियामा विधिसम्मत र मानव अधिकारमैत्री अवधारणा अंगिकार गर्दै प्रहरी संगठनभित्र मानव अधिकारसम्बन्धी तालिम र व्यवहारलाई संस्थागत गर्न आयोगले निर्देशन दियो ।

# कर्मचारीहरूलाई मानव अधिकारबारे तालिम

राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय (जुम्ला) ले जुम्लामा कार्यरत सुरक्षा निकाय र न्यायिक तथा अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीहरूका लागि मानव अधिकारसम्बन्धी तालिम आयोजना गरेको छ।

तालिममा मानव अधिकारको अवधारणा, मानव अधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन, मानव अधिकारको पालनामा राज्यको दायित्व, मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा मानव अधिकार रक्षकहरूको भूमिका, मानव अधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय संयन्त्र, मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि सरकारी र गैरसरकारी निकायबीच सहकार्य र समन्वयको आवश्यकता आदि विषयमा छलफल गरिएको थियो ।

सो अवसरमा मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय (जुम्ला) का प्रमुख झंकरबहादुर रावल, अधिकारकर्मी तथा अधिवक्ता मीनबहादुर महत, जिल्ला न्यायाधिवक्ता टेकबहादुर थापा र राजेन्द्र न्यौपानेले सहजीकरण गर्नुभएको थियो ।

तालिममा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नेपाली सेनाका २४ नं बाहिनी र सिद्धिबक्स गण, जिल्ला र पुनरावेदन अदालत, मालपोत कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, खानेपानी तथा शहरी विकास कार्यालय, महिला तथा बालबालिका कार्यालय, जिल्ला भू-संरक्षण कार्यालयसमेतका ४० जना कर्मचारी सहभागी हुनुहुन्थ्यो ।

तालिमका सहभागीहरूले तालिमबाट आफूहरूले मानव अधिकारको बारेमा उपयोगी ज्ञान पाएको चर्चा गर्दै तालिम आयोजना गरेकोमा आयोगलाई धन्यवाद समेत दिनुभएको थियो ।

राष्ट्रसेवक कर्मचारीहरू मानव अधिकारको मूलभूत मान्यताहरुलाई आत्मसात गरी मानव अधिकारमैत्री वातावरणमा अपनाई कार्यसम्पादन गर्न सक्षम होउन् भन्ने हेतुले तालिम आयोजना गरिएको थियो ।

# संक्षिप्त समाचार

## मानव अधिकार सन्दर्भ पुस्तिकाबारे परामर्श

राष्ट्रिय मानव अधिकार आयोगले शिक्षकहरूका लागि तयार पारिएको मानव अधिकारसम्बन्धी स्रोत पुस्तिका मस्यौदाबारे भक्तपुरमा परामर्श कार्यक्रम आयोजना गरेको छ।

कार्यक्रममा शिक्षा विभागका महानिर्देशक डा. लवदेव अवस्थी, आयोगका निर्देशक वेदप्रसाद भट्टराईलगायतका वक्ताहरूले सन्दर्भ पुस्तिकालाई फलदायी बनाउने विषयमा विश्लेषणात्मक धारणा अघि सार्नुभएको थियो ।

कार्यक्रममा पाठयक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, जनक शिक्षा सामग्री केन्द्र, परीक्षा नियन्त्रण केन्द्र, फिनल्याण्ड राजदूतावासका प्रतिनिधि, प्राज्ञ तथा पत्रकारहरूको सहभागिता थियो ।

## बुटवलमा मानव अधिकार स्रोत केन्द्र

मानव अधिकारसम्बन्धी ज्ञान र सूचना जनस्तरसम्म पुऱ्याउने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोगको उपक्षेत्रीय कार्यालय (बुटवल) मा मानव अधिकार स्रोत केन्द्र स्थापना भएको छ ।

आयोगका सदस्य गौरी प्रधानले एक समारोहबीच सो केन्द्रको उद्घाटन गर्नुभयो । कार्यक्रममा आयोगका सचिव विशाल खनाल, बुटवल नगरपालिका प्रमुख खमबहादुर रायमाझी, जवाफदेहिता निगरानी समितिका अञ्चल संयोजक अधिवक्ता महेन्द्र पाण्डे, मोहनसागर बस्याललगायतका व्यक्तित्वहरूको उपस्थिति थियो ।

बुटवलका अतिरिक्त आयोगका क्षेत्रीय कार्यालयहरू जनकपुर, विराटनगर, धनगढी र पोखरामा मानव अधिकार स्रोत केन्द्र खुलिसकेका छन् ।

## स्वच्छ सुनुवाइसम्बन्धी पुस्तक सार्वजनिक

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले 'स्वच्छ सुनुवाइसम्बन्धी अनुसन्धानमूलक अध्ययन' नामक पुस्तक सार्वजिनक गर्नुभएको छ ।

आयोगको सभाकक्षमा आयोजित पुस्तक सार्वजिनक समारोहमा 'राष्ट्रिय न्यायिक परिषद, नेपाल' का कार्यकारी निर्देशक राघवलाल वैद्य, नेपाल बार एसोसिएशनका नवनिर्वाचित उपाध्यक्ष टीकाराम भट्टराईलगायतका व्यक्तित्वहरू उपस्थित हुनुहुन्थ्यो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र 'राष्ट्रिय न्यायिक परिषद, नेपाल' को संयुक्त प्रयासमा प्रकाशित सो पुस्तकमा अन्तर्राष्ट्रिय कानुन, नजिर एवम निष्पक्ष न्याय सम्पादनका विविध पक्षहरू समेटिएका छन् ।

## तनहूँका सञ्चारकर्मीहरूलाई तालिम

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा) 'दमौली युनेस्को क्लव' को संयुक्त आयोजनामा सञ्चारकर्मीरूका लागि मानव अधिकारसम्बन्धी तालिम तनहूँमा सम्पन्न भएको छ ।

तालिममा मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८; राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार; पत्रकार आचार संहिता; मानव अधिकार र सञ्चारको सम्बन्ध; सूचनाको हक; अभिव्यक्ति स्वतन्त्रता; मानव अधिकार प्रवर्द्धन र संवर्द्धनका लागि आमसञ्चार; मानव अधिकार र अपराधबीचको भिन्नतालगयातका विषयमा प्रस्तुतीकरण गरिएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा) का निमित्त निर्देशक यज्ञप्रसाद अधिकारी र 'फ्रिडम फोरम' का अध्यक्ष तारानाथ दाहाल स्रोत व्यक्ति हुनुभएको सो तालिम तनहूँमा कार्यरत ३० जना सञ्चारकमीहरूको सहभागिता थियो । 'दमौली युनेस्को क्लव' अध्यक्ष प्रदीप काफ्लेले अध्यक्षतामा तालिम सम्पन्न भएको थियो ।

## आयोगको समीक्षा बैठक

# आयोगका गतिविधिलाई चुस्त-दुरुस्त बनाउन जोड

राष्ट्रिय मानव अधिकार आयोगको समीक्षा बैठक आयोगका गतिविधिहरूलाई चुस्त-दुरुस्त रूपमा अघि बढाउने प्रतिबद्धताका साथ काठमाडौंमा सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन सत्रमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले आयोगका गतिविधिहरू संख्यात्मक रूपमा मात्र नभई गुणात्मक रूपमा पनि राम्रो हुनुपर्नेमा आयोगकर्मीहरूको ध्यान जान आवश्यक रहेको बताउनुभयो ।

उहाँले आयोगले नागरिकको पक्षमा काम गर्नुपर्नेमा जोड दिँदै आयोगको सेवा र सहजीकरण निरपेक्ष नागरिकसम्म पुगेको छ कि छैन भनेर आयोगकर्मीहरूले आफैंसँग सोध्नुपर्ने बेला आएको धारणा अघि सार्नुभयो ।

एक प्रसंगमा उहाँले आयोगको व्यवस्थापकीय पक्ष र 'ह्यूमन राइटस् मार्केटिङ' मा सुधार गर्नुपर्ने खाँचो औंल्याउँदै मानव अधिकारसँग सम्बन्धित आँकडाहरू चुस्त-दुरुस्त राख्न सुझाव दिनुभयो ।

सो अवसरमा बोल्दै आयोगका सदस्य रामनगिना सिंहले गत साउनमा धूलिखेलमा सम्पन्न वर्षिक कार्ययोजना तर्जुमा बैठकमा व्यक्त प्रतिबद्धताहरू कुन हदसम्म पालना भयो भनेर मूल्यांकन र आत्मसमीक्षा गर्ने बेला आएको धारणा अघि सार्नुभयो ।

सदस्य सिंहले देश दीर्घकालीन संक्रमणबाट गुज्रेको चर्चा गर्दै सशस्त्र द्वन्द्वका समयमा आयोगमा परेका उजुरी गम्भीर प्रकृतिका मानव अधिकार हननका घटनाहरूको यथाशक्य छिटो छिनोफानो हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले 'ढिलो न्याय दिनु भनेको न्याय नदिनु जत्तिकै हो' भन्ने न्याय क्षेत्रको बहुप्रचलित भनाइलाई उधृत गर्दै आयोगमा परेका सशस्त्र द्वन्द्वकालीन उजुरीहरूमाथि गम्भीरताका साथ अनुसन्धान गरी छिटो टुङ्गोमा पुग्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।



कार्यक्रमको उद्घाटन सत्रमा बोल्दै आयोगका सदस्य गौरी प्रधानले आयोग थुप्रै अप्ठेरोहरूबीच गुज्रिरहे पनि हिजोका दिनमा भन्दा आज आयोग राम्रोसँग अघि बढेको बताउनुभयो ।

उहाँले आयोगमा जनताको अपेक्षा र सरोकार गाँसिएकोले आयोग जनअपेक्षा परिपूर्ति गर्ने दिशामा हरदम अघि बढ्नुपर्ने खाँचो औंल्याउँदै नीतिगत अष्पस्टतालाई चिरेर नागरिकको मानव अधिकार संरक्षण र सम्वर्द्धनको दिशामा आयोगकर्मीहरू दत्तचित्त हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले आयोगको कर्मचारी-प्रशासनमा देखापरेका गाह्रोसाह्रोप्रति विश्लेषणात्मक धारणा राख्दै थुप्रै प्रयास गर्दागर्दै पनि आयोगमा अपुग जनशक्ति भर्ना गर्ने र विद्यमान कर्मचारीहरूको सेवा-सुविधा बढाउने दिशामा अपेक्षित प्रगति हुन नसकेकोमा दुःख व्यक्त गर्नुभयो ।

त्यस असवरमा बोल्दै आयोगका सचिव विशाल खनालले आर्थिक वर्ष २०६९/०७० को प्रथम छ महिनामा आयोगले सम्पादन गरेको कामहरूको समीक्षात्मक विवरण प्रस्तुत गर्नुभयो ।

सचिव खनालले आयोगले सम्पादन गर्न बाँकी रहेका सशस्त्र द्वन्द्वकालीन समयमा परेका लगभग १० हजार उजुरीहरूमाथि अध्ययन-अनुसन्धान गर्नका लागि आर्थिक वर्ष २०६९/०७० को प्रथम छ महिनामा विशेष टोलीहरू खटाइएको जानकारी दिनुभयो ।

उहाँले विशेष टोलीहरू खटाएपछि आयोगले सम्पादन गर्न बाँकी रहेका उजुरीहरूमध्ये आधाजसोको अध्ययन-अनुसन्धान कार्यसम्पन्न भएकोमा यसलाई यसलाई आयोगले आर्थिक वर्ष २०६९/०७० को प्रथम छ महिनामा हाँसिल गरेको महत्वपूर्ण उपलब्धीको रूपमा चित्रण गर्नुभयो ।

'राष्ट्रिय मानव अधिकार आयोगको क्षमता सबलीकरण परियोजना' का प्रबन्धक साधना घिमिरेले परियोजनाले हालसम्म हाँसिल गरेका उपलब्धी र भावी कार्ययोजना प्रस्तुत गर्नुभएको थियो ।

उहाँले परियोजनाको अवधि सन् २०१३ को सेप्टेम्बरसम्ममात्र रहेकोले त्यस अवधिसम्म प्राप्त समयलाई सदुपयोग गरेर नागरिकको मानव अधिकार संरक्षण र सम्वर्द्धनमा महत्वपूर्ण उपलब्धी हाँसिल गर्नमा आयोगका प्रयासहरू केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो ।

त्यस अवसरमा परामर्शदाता जोन पाचेले आयोगले थुप्रै बाधा-व्यवधान सहेर पनि नेपालमा मानव अधिकार संरक्षण र सम्वर्द्धनमा उल्लेखनीय भूमिका खेलेको विचार राख्दै आयोगको प्रशंसा गर्नुभयो ।

उहाँले आफूले आयोगको हितका लागि समय-समयमा सुझाव दिएको चर्चा गर्दै आयोगको छवि अरू उज्यालो बनाउन प्राप्त सुझावहरूको अक्षरशः पालना हुनु आवश्यक भएको विचार व्यक्त गर्नुभयो ।

माघ १४ गतेदेखि तीन दिनसम्म चलेको समीक्षा बैठक आयोगका केन्द्रीय कार्यालयका महाशाखा प्रमुख, क्षेत्रीय एवम् उपक्षेत्रीय कार्यालयका प्रमुखहरूले प्रगति विवरण पेश गर्नुभएको थियो ।

बैठकमा आर्थिक वर्ष २०६९/०७० को बाँकी रहेको छ महिनाका लागि नीति तथा कार्यक्रम तय गरिएको थियो । त्यस अवसरमा आयोगका सबल एवम् दुर्बल पक्षहरूको पहिचान तथा समीक्षा गरी भावी रणनीतिसमेत तयार पारिएको थियो ।

## बालन्याय कार्यविधिबारे परामर्श बैठक

# मनोसामाजिक र मनावैज्ञानिक ढङ्गमा कार्यविधि कार्यान्वयन हुनुपर्ने



बाँकेका बालअधिकारकर्मी, कानुन-व्यवसायी एवम् सरोकारवाला व्यक्तिहरूले कानुनी विवादमा परेका बालबालिकाहरूसँग बालन्याय कार्यविधिमा उल्लिखित प्रावधानअनुसार मनोवैज्ञानिक र मनोसामाजिक अवस्थालाई ध्यानमा राखेर मानवोचित व्यवहार गर्नुपर्ने धारणा अघि सार्नुभएको छ ।

बालन्याय कार्यविधि कार्यान्वयनका सम्बन्धमा देखिएका समस्या र सम्भावनाबारे राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (नेपालगञ्ज) र एडभोकेसी फोरम नेपालद्वारा नेपालगञ्जमा आयोजित परामर्श बैठकमा उहाँहरूले उक्त धारणा अघि सार्नुभएको हो ।

त्यस अवसरमा प्रमुख अतिथिको आसनबाट बोल्दै पुनरावेदन अदालत (नेपालगञ्ज) का मुख्य न्यायाधीश केशवप्रसाद मैनालीले बालन्याय क्षेत्रका सरोकारवाला निकायहरू जिम्मेवार र सम्वेदनशील भई कानुनको प्रभावकारी कार्यान्वयन गरेर गलत व्यवहारमा फँसेका बालबालिकाहरूको आचरण सुधार्ने मौका मिल्ने बताउनुभयो ।

कार्यपत्र पस्तुत गर्दै जिल्ला अदालत (बाँके) का न्यायाधीश शेखरप्रसाद पौडेलले बालन्याय कार्यविधिमा भएका प्रावधान कार्यान्वयनमा रहेका समस्या र समाधानका बारेमा प्रकाश पार्नुभएको थियो ।

अध्यक्षको आशनबाट बोल्दै राष्ट्रिय मानव अधिकार आयोगका क्षेत्रीय निर्देशक मुरारी खरेलले बालन्याय कार्यविधिमा भएका प्रावधानहरू कार्यान्वयन गर्न स्रोत र साधनभन्दा पनि सरोकारवालाहरूको बालबालिकाप्रतिको नियत र दृष्टिकोण महत्वपूर्ण भएकोले स्रोत र साधनको सीमिततालाई देखाएर राज्यका निकायहरू दायित्वबाट पन्छिन नहुने कुरामा जोड दिनुभयो ।

एडभोकेसी फोरम नेपालका क्षेत्रीय संयोजक वसन्त गौतमले शारीरिक एवम् मानसिक विकासको अति सम्वेदनशील चरणमा रहेका बालबालिकाहरूलाई हत्कडी लगाई बयस्क अभियुक्तसँगै राख्दा उनीहरूको मनस्थितिमा नकरात्मक प्रभाव पर्ने भएकोले यसप्रति सरोकारवालाहरू गम्भीर हुनुपर्नेमा आवश्यकता औंल्याउनुभयो ।

उहाँले आफ्नो संस्थाले विगत एक वर्षमा प्रहरी हिरासतमा गरेको अनुगमनबाट प्राप्त तथ्याङ्क प्रस्तुत गर्दै एक वर्षको अवधिमा प्रहरी हिरासतमा जम्मा ५९ जना बालबालिकाहरु भेटिएको र तीमध्ये २८ जनामाथि यातना तथा अमानवीय व्यवहार भएको जानकारी मिलेको बताउनुभयो ।

सो अवसरमामा बोल्दै बाँकेका प्रमुख जिल्ला अधिकारी ढुण्डीराज पोखरेलले कानुनमा भएका प्रावधानहरूको कार्यान्वयनका कार्यान्वयनका लागि सरोकारवाला पक्षहरूबीच आपसी समन्वय र सहकार्य हुनुपर्नेमा जोड दिनुभयो ।

जिल्ला प्रहरी कार्यालय (बाँके) का प्रहरी नायव उपरीक्षक सूर्यबहादुर केसीले पछिल्लो समयमा प्रहरीको व्यवहारमा सकारात्मक परिवर्तन आएको बताउँदै बालन्याय कार्यविधिमा भएका प्रावधानहरू पूर्ण कार्यान्वयन गर्न स्रोत र साधनको अभाव बाधक बनेको बताउनुभयो ।

पुनरावेदन अदालतका न्यायाधीश शिवराज अधिकारी, बाँके जिल्ला अदालतका न्यायाधीश कविप्रसाद न्यौपाने, वरिष्ठ अधिवक्ता विजय गुप्ता, पुनरावेदन अदालत बार एशोसिएसन (नेपालगञ्ज) का अध्यक्ष इश्वरी प्रसाद ज्ञवाली, जिल्ला सरकारी वकिल कार्यालय (बाँके) का जिल्ला सहन्यायाधिवक्ता यामबहादुर बानियाँ, भेरी अञ्चल अस्पतालका डा.राजेश मण्डल, बालमजदुर सरोकार केन्द्र (सिविन) का क्षेत्रीय 'टिम लिडर' मधु दवाडी, अधिवक्ता कृष्णलाल भट्टराई, बालअधिकार अधिकृत महेश नेपाली लगायतले बालन्याय कार्यविधिमा रहेका प्रावधानहरूको कार्यान्वयन गर्न सम्बन्धित निकायहरूबीच कार्यगत एकता र प्रतिबद्धता हुनुपर्ने खाँचो औंल्याउनुभएको थियो ।

सो अवसरमा पुनरावेदन अदालत नेपालगञ्जका रजिष्ट्रार ध्रुवकुमार शाह, जिल्ला अदालत बार बाँकेका अध्यक्ष विश्वजीत तिवारी, बार काउन्सिलका केन्द्रीय पार्षद अधिवक्ता अब्दुल अजिज मुसलमान, जिल्ला वन कार्यालय (बाँके) का वन अधिकृत सम्पैत यादव लगायत सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

कानुनी विवादमा परेका बालबालिकालाई पक्राउ गर्दा प्रहरीले आफ्नो परिचय दिनुपर्ने, पक्राउ गर्नुपरेको कारण खुलाउनुपर्ने, यसको जानकारी अभिभावकलाई गराउनुपर्ने, प्रहरीले पोशाकमा पक्राउ गर्न नहुने, हत्कडी लगाउन नपाइने, उमेर पुगेका थुनुवाहरूसँगै हिरासतमा राख्न नहुने, बालसुधार गृहमा राखेर मुद्दाको पुर्पक्ष गर्नुपर्ने, बाल इजलासमा मुद्दाको सुनुवाइ हुनुपर्नेलगायतका प्रावधानहरू बालन्याय कार्यविधिमा छन् ।

हु.द.नं. २६/०६६/०६७

# पत्रकार र मानव अधिकारकर्मीहरूको सुरक्षाबारे प्रधानमन्त्रीलाई पत्राचार

पत्रकार तथा मानव अधिकारकर्मीहरूमाथि असुरक्षा बढेकोमा चासो प्रकट गर्दै राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्री डा. बाबुराम भट्टराई पत्राचार गरेको छ ।

प्रधानमन्त्रीबाट पत्रकारहरूको सुरक्षाबारे पटक-पटक प्रत्याभूति व्यक्त गर्दागर्दै पनि पछिल्लो समयमा पत्रकार तथा मानव अधिकारकर्मीहरूमाथि असुरक्षा बढेको समाचार निरन्तरजसो आइरहेको जनाउँदै उहाँहरूले आफूहरूमाथि असुरक्षा बढेको भन्दै आयोगमा उजुरीसमेत दर्ता गर्नुभएकाले यसबारे आयोगले विशेष चासो लिनुपर्ने अवस्था आएको कुरा पत्रमा उल्लिखित छ ।

प्रधानमन्त्रीलाई पठाइएको पत्रमा भनिएको छ, 'केही दिन अघि दैलेखका पत्रकारहरूले जिल्ला छाड्नु, समाचार संकलन गर्ने क्रममा काभ्रेका पत्रकारहरू पिटिनु, पत्रकारलाई धम्कीपूर्ण सन्देश प्रवाह गर्नु, आफूहरूमाथि असुरक्षा बढेको भन्दै मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाले आयोगमा उजुरी दर्ता गर्नु, 'रिपोर्टरस् विदाउट बोडर्स्' नामक अन्तर्राष्ट्रिय संस्थाले नेपाल पत्रकारहरूका लागि असुरक्षित देशको रूपमा चित्रण गर्नुजस्ता दृष्टान्तले पत्रकार र मानव अधिकारकर्मीहरू असुरक्षित छन् भन्ने पुष्टि गरेका छन् ।'

'मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ एवम् नेपालको अन्तरिम संविधान, २०६३ ले प्रदान गरेको मौलिक हकको उपभोग गर्दा यसप्रकारको अवस्था आउनलाई लोकतान्त्रिक परिपाटीमा नितान्त अशोभनीय अवस्था मान्न सकिन्छ ।' पत्रमा उल्लिखित छ ।

मानव अधिकारको बिग्रँदो अवस्थालाई सुधार नगरिएमा देशमा अराजकता फैलिनेतर्फ ध्यानाकर्षण गराउँदै मानव अधिकारको समग्र अवस्था सुधारका लागि आवश्यक वातावरण तयार पार्न पत्रमा आग्रह गरिएको छ ।


## केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर, नेपाल
पोस्ट बक्स नं. ९१८२, काठमाडौं
फोनः ०१-५०१००१५, फ्याक्सः ९७७-१-५५४७९७३
इमेलः nhrc@nhrcnepal.org / वेबसाइटः www.nhrcnepal.org

## क्षेत्रीय कार्यालयहरू

**पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर**
वरगाछी, विराटनगर
फोनः ०२१-४६१९३१, ४६१०९३
फ्याक्सः ९७७-२१-४६११००
इमेलः nhrcbrt@nhrcnepal.org

**मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज**
शान्तिनगर, नेपालगञ्ज
फोनः ०८१-५२६७०७, ५२६७०८
फ्याक्सः ९७७-८१-५२६७०६
इमेलः nhrcnpj@nhrcnepal.org

**मध्यमाञ्चल क्षेत्रीय कार्यालय, जनकपुर**
जनकपुरधाम, धनुषा
फोनः ०४१-५२७८११, ५२७८१२
फ्याक्सः ९७७-०४१-५२७२५०
इमेलः nhrcjnk@nhrcnepal.org

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा**
जनप्रिय मार्ग, पोखरा
फोनः ०६१-४६२८११, ४६३८२२
फ्याक्सः ९७७-६१-४६५०४२
इमेलः nhrcpkr@nhrcnepal.org

**सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी**
उत्तर बेहडी (रातोपुल), धनगढी
फोनः ०९१-५२५६२१, ५२५६२२
फ्याक्सः ९७७-९१-५२५६२३
इमेलः nhrcdhn@nhrcnepal.org

## उप-क्षेत्रीय कार्यालयहरू

जुम्लाबजार, जुम्ला, फोनः ०८७-५२०२२२
दिक्तेल, खोटाङ, फोनः ०३६-४२०२८४
बुटवल, रूपन्देही, फोनः ०७१-५४६९११


**राष्ट्रिय मानव अधिकार आयोगको हालको हटलाइन नम्बर ५०-१०-०००**


## पत्राचारको लागि

सम्पादक, मानव अधिकारपत्र, राष्ट्रिय मानव अधिकार आयोग,
केन्द्रीय कार्यालय, ललितपुर
पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल
फोनः ०१-५०१००१५, फ्याक्सः ००९७७-१-५५४७९७३
इमेलः manav.adhikarpatra@nhrcnepal.org


प्रापकः

_______________

_______________

_______________

_______________

राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोन : ०१-५०१००१५, फ्याक्सः ०१-५५४७९३ सम्पादक : यमबहादुर दुरा